# नगर खेलकुद सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८

**प्रस्तावना :**

बराहक्षेत्र नगरपालिका क्षेत्रभित्र खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सद्भाव कायम राखि युवा, विद्यार्थी तथा सर्वसाधारणहरुको शारिरीक तथा मानसिक विकास गरी धुम्रपान, मद्यपान, लागु पदार्थ सेवनको कुलतबाट जोगाई शारीरिक सुसंगठन, सु-संस्कृत समाजको निर्माण गर्न, देशको सार्वभौमिकता रक्षा गर्न र स्वस्थ प्रतिष्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तनप्रति सचेत, स्वस्थ, अनुशासित र गतिशिल नागरिक तयार गर्न राष्ट्रिय, अन्तराष्ट्रिय क्षेत्रमा ख्याति आर्जन गर्न सक्ने जनशक्ति उत्पादन गरी खेल पर्यटनको विकास गर्ने उद्देश्यलाई मुर्त रुप दिन वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को बमोजिम नगरस्तरीय खेलकुद सञ्चालन तथा व्यवस्थापन सम्बन्धी यो कार्यविधि बनाइएको छ ।

## परिच्छेद-१
## नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम **"नगर खेलकुद संचालन तथा व्यवस्थापन कार्यविधि, २०७८"** रहनेछ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क) "कार्यविधि" भन्नाले नगरस्तरीय खेलकुद संचालन तथा व्यवस्थापन कार्यविधि, २०७८ सम्झनु पर्छ ।

ख) "समिति" भन्नाले नगर कार्यपालिकाबाट गठित नगर खेलकुद विकास समिति सम्झनु पर्छ ।

ग) "नगरपालिका" भन्नाले बराहक्षेत्र नगरपालिकालाई सम्झनु पर्छ ।

घ) "कार्यपालिका" भन्नाले बराहक्षेत्र नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

ङ) "टिम, क्लब, संघ, संस्था" भन्नाले बराहक्षेत्र नगरपालिकामा तोकिए बमोजिम दर्ता भएका बराहक्षेत्र नगर क्षेत्र भित्रका टिम, क्लब र संघसंस्थाहरु सम्झनु पर्छ ।

च) "खेलाडी" भन्नाले व्यक्ति, क्लब, संघसंस्था सम्बद्ध खेलाडी सम्झनु पर्छ ।

छ) "प्रशिक्षार्थी" भन्नाले बराहक्षेत्र नगरपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लब, संघसंस्थामा सम्बद्ध सिकारु खेलाडी सम्झनु पर्छ ।

ज)	“प्रशिक्षक” भन्नाले बराहक्षेत्र नगरपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लब, संघ संस्था, खेल प्रशिक्षण समितिमा सम्बद्ध बिषयगत खेलकुद प्रशिक्षक सम्झनुपर्छ ।

झ)	“प्रशिक्षण समिति” भन्नाले नगर खेलकुद समिति अन्तर्गत बराहक्षेत्र नगरपालिका क्षेत्र भित्र बिषयगत खेल प्रशिक्षणका लागि गठित समिति सम्झनु पर्छ ।

ञ)	“खेलकुद विकास कोष” भन्नाले बराहक्षेत्र नगरपालिकाको नगर खेलकुद विकास कोष सम्झनु पर्छ ।

ट)	“खेलाडी विवरण” भन्नाले टिम, क्लब, संघ संस्थाहरुले आफ्नो टिम, क्लब, संघ संस्थामा आबद्ध भनि प्रमाणित गरी प्रत्येक महिना नगरपालिकामा पेश गरेको विवरण सम्झनु पर्छ ।

ठ)	“खेलकुद पदाधिकारी” भन्नाले खेलकुद सम्बद्ध समिति, उप-समितिका पदाधिकारी सम्झनु पर्छ ।

ड)	“संरक्षक” भन्नाले बराहक्षेत्र नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

ढ)	“सह-संरक्षक” भन्नाले बराहक्षेत्र नगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्छ ।

ण)	“संयोजक” भन्नाले नगर खेलकुद विकास समितिका संयोजकलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## उद्देश्य

**३. नगर खेलकुद विकास समितिको उद्देश्यहरु निम्नानुसार हुनेछन् :-**

क)	नगरको कला, संस्कृति र खेलकुदको विकास प्रतिष्ठा बृद्धिमा खेलकुदको माध्यमले सहयोग पुर्‍याउने,

ख)	नगरभित्र खेलकुद प्रतियोगिता संचालन गर्ने सबै क्लब, संघ संस्था तथा सम्बद्ध खेल प्रशिक्षण निकायहरुका बीच समन्वय गरी खेलकुद विकास गर्ने योजना बनाई लागु गर्ने तथा सघाउ पुर्‍याउने,

ग)	स्वस्थ प्रतिष्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान्, जागरुक र परिवर्तनप्रति सचेत नागरिक तयार गर्ने,

घ)	टोल, गल्ली, चोक र सडक आदिलाई स्वच्छ र सफा राख्न खेलकुद संघ संस्थालाई परिचालन गर्ने,

ङ)	खेलकुदको माध्यबाट नगरबासीहरुलाई नागरिक भावनाप्रति सचेत गराउने,

च)	खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहन गर्ने,

छ)	खेलकुद विकासको निम्ति भौतिक पूर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संस्था, विद्यालय र सरकारी निकायहरुलाई पनि सरिक गराउने,

ज) खेलकुद गतिविधिहरुलाई संस्थागत तथा व्यवसायिक रुपमा विकास गर्दै लैजानका निमित्त सहयोग पुऱ्याउने ।

झ) बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक, कर्मचारी र बुद्धिजिवीहरुलाई समेत शारीरिक व्यायाम तथा खेलकुदको व्यवस्था गर्न सहयोग पुऱ्याउने,

ञ) बराहक्षेत्र नगरपालिका भित्र निरन्तर अध्ययन र अनुसन्धानका आधारमा प्रशिक्षण र प्रतियोगितालाई बढी वैज्ञानिक र स्तरयूक्त बनाउँदै राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रतिष्पर्धा गर्न सक्ने खेलाडी उत्पादन गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय गौरव अभिबृद्धि गर्ने योग्य खेलाडीहरु उत्पादनमा सहयोग पुऱ्याउने,

ट) टिम, क्लब, संघ संस्था, बिषयगत खेल प्रशिक्षण समिति, वडास्तरीय खेलकुद समितिहरुको व्यवस्थापन गर्ने गराउने,

ठ) नगरपालिका अन्तर्गतका शैक्षिक संस्थाहरुमा खेलकुद प्रशिक्षकहरुको व्यवस्था गर्न प्रोत्साहन गर्ने,

ड) नगर खेलकुद समिति अन्तर्गत प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्ने,

ढ) खेलकुद विकासका लागि अनुसन्धान केन्द्र बनाई खेल पर्यटनका आधारमा नगरपालिकाको आर्थिक उन्नति वा टेवा पुऱ्याउने गरी काम गर्ने,

ण) खेलकुदमा निजी क्षेत्रको संलग्नता एवं सहभागिता अभिबृद्धि गर्ने,

त) अपांग र सुस्त मनस्थितिका लागि पनि उपयुक्त खेलकुद विद्यालय तथा प्रशिक्षण केन्द्रहरुको विकास, प्रबर्द्धन एवं आयोजना गर्ने गराउने,

थ) राष्ट्रिय तथा अन्तराष्ट्रिय खेल प्रतियोगिताहरुमा सहभागी भई बराहक्षेत्र नगरपालिकाको ईज्जत, प्रतिष्ठा, गौरव बृद्धिमा योगदान पुऱ्याउने खेलाडीहरुको सम्मान गर्ने,

## परिच्छेद-३

## नगर खेलकुद विकास समितिको गठन र बैठक कार्यविधि

४. नगर खेलकुद विकास समिति गठन :-

(१) बराहक्षेत्र नगरपालिकाले नगर क्षेत्रको समग्र खेलकुदको विकास गर्न एक नगर खेलकुद विकास समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन नगर खेलकुद विकास समितिमा देहाय बमोजिमका सदस्यहरु रहने छन् ।

क) नगर कार्यपालिकाले मनोनित गरेको कार्यपालिका सदस्यहरु मध्येबाट १ जना - संयोजक

ख) खेल क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएको प्रतिष्ठित पूर्व खेलाडी मध्येबाट १ जना - सदस्य

ग) खेल क्षेत्रमा योगदान पुऱ्याएका नगर क्षेत्रभित्रका व्यक्तिहरु मध्ये नगर कार्यपालिकाले मनोनयन गरेका १ महिला सहित २ जना - सदस्य

घ) खेलसँग सम्बन्धित स्थानीय क्लब, संघ संस्थाहरुबाट २ जना - सदस्य

ङ) नगर खेलकुद विकास समितिले मनोनित गरेको १ जना - सदस्य

च) युवा तथा खेलकुद शाखाबाट तोकिएको कर्मचारी १ जना - सदस्य सचिव

५. समितिको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ । र नगर कार्यपालिकाबाट पुनर्नियुक्ति हुन सक्नेछ ।

६. नगर खेलकुद विकास समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

७. समितिको कार्यालय नगरपालिकाको मुख्य कार्यालयमा नै रहने छ ।

## परिच्छेद - ४

## पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार

८. नगर खेलकुद विकास समितिका पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) संयोजकको काम, कर्तव्य र अधिकार :-

१) नगर खेलकुद समितिको बैठकको अध्यक्षता गर्ने र निर्णय कार्यान्वयन गर्ने मुख्य उत्तरदायित्व संयोजकको हुनेछ ।

२) खेलकुद प्रतियोगिताहरुको वार्षिक कार्ययोजना तयार गरि आयोजना, संचालन तथा व्यवस्थापन गर्ने गराउने ।

३) राष्ट्रिय/अन्तराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरुमा नगरपालिकाको प्रतिनिधित्व गर्ने ।

४) नगर खेलकुद विकास समितिको बैठक बस्न नसकेको अवस्थामा नगरपालिकामा गर्नुपर्ने सम्पुर्ण सिफारिसहरु गर्ने ।

५) समितिले तोकेका अन्य कार्यहरु गर्ने/गराउने ।

ख) सदस्यहरुको काम, कर्तव्य र अधिकार :-

१) नगर खेलकुद विकास समितिको निर्णय अनुसार तोकिदिएको कार्य सम्पादन गर्ने, गराउने ।

ग) सदस्य सचिवको काम, कर्तव्य र अधिकार :-

क) बैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय कितावको सुरक्षा गर्ने र संयोजकको आदेशानुसार बैठकको लागि आवश्यक बिषय सूची र सामग्री जुटाउने ।

ख) नगर खेलकुद विकास समितिको सचिवालय स्थापना गरी बैठक माइन्युटिङ उठाउने र बैठक संचालन सम्बन्धी आवश्यक काम गर्ने ।

ग) खेलकुद सम्बन्धी बिषयमा जिल्ला, प्रदेश तथा राष्ट्रिय ईकाईहरुसँग सम्पर्क र समन्वय गर्ने ।

घ) दैनिक प्रशासनिक कामहरु गर्ने गराउने ।

## परिच्छेद-५

## नगर क्षेत्रभित्रका टिम, क्लब र संघ संस्थाहरुको दर्ता र व्यवस्थापन

९. बराहक्षेत्र नगरपालिका भित्रका टिम, क्लब, समिति र संघ संस्थाले नगर खेलकुद विकास समितिको उद्देश्य, नीति, नियमलाई पालना गरी खेलकुद विकास गर्न चाहेमा सम्बन्धित वडाको वडा अध्यक्षको सिफारिस सहित दर्ता शुल्क रु.१०००।- का साथ दर्ता गर्नु पर्नेछ ।

१०. नगर खेलकुद विकास समितिमा दर्ता भएको टिम, क्लब, समिति र संघ संस्थाले प्रत्येक वर्ष आषाढ मसान्त अगावै नविकरण गर्नुपर्ने छ । नविकरण शुल्क रु.५००।- लाग्नेछ । तोकिएको समयमा नविकरण नगरेमा मासिक रु.१००।- जरिवाना लिइने छ ।

११. दर्ता भएका टिम, क्लब, समिति, संघ संस्थाले जुनसुकै प्रतियोगिता गर्नु भन्दा अगाडी नगर खेलकुद विकास समितिबाट स्वीकृति लिनु पर्नेछ ।

१२. नगर खेलकुद विकास समिति वा समितिले तोकेको प्रतिनिधिद्वारा सम्बन्धित ठाउँको निरीक्षण गरेर मात्र टिम, क्लब, समिति वा संघ संस्था दर्ता गरिने छ ।

१३. नगर खेलकुद विकास समितिमा दर्ता भएका टिम, क्लब, संघ संस्थाहरुले समितिको स्वीकृतिमा उद्देश्य अनुसार खेलकुद प्रतियोगिता संचालन गर्न सहयोग माग गरेको खण्डमा समितिको सिफारिसमा नगरपालिकाबाट बर्षमा १ पटक निम्नानुसार आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

क) वडा व्यापी प्रतियोगिताको लागि बढीमा -रु.१,५०,०००।- सम्म ।

ख) नगर व्यापी प्रतियोगिताको लागि बढीमा -रु.२,००,०००।- सम्म ।

ग) जिल्ला व्यापी प्रतियोगिताको लागि बढीमा -रु.२,५०,०००।- सम्म ।

घ) प्रादेशिक वा राष्ट्रियस्तरको प्रतियोगिताको लागि बढीमा -रु.३,५०,०००।- सम्म ।

ङ) अन्तराष्ट्रियस्तरको प्रतियोगिताको लागि बढीमा -रु. ५,००,०००।- सम्म ।

च) नगर भन्दा बाहिर आयोजना हुने खेलकुद प्रतियोगितालाई बढीमा रु.२०,०००।- दिइने छ ।

छ) नगरको परिचय तथा कला, संस्कृतिमा विशेष योगदान पुऱ्याउने प्रतियोगिताहरुको सम्बन्धमा उपयुक्त ढंगबाट सहयोग पुऱ्याउन नगरपालिका समक्ष सिफारिस गरी सक्दो आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

१४. नगर खेलकुद विकास समिति अन्तर्गत प्रत्येक वडामा वडा खेलकुद विकास समिति गठन गरिनेछ । वडा खेलकुद विकास समितिमा सम्बन्धित वडाको नगर खेलकुद विकास समितिको सदस्य पदेन सदस्य हुनेछ ।

१५. नगर खेलकुद विकास समितिले टिम दर्ता निवेदन फाराम, नविकरण फाराम, प्रशिक्षक/प्रशिक्षार्थी फाराम, परिचयपत्र, दर्ता प्रमाण-पत्र आदिको ढाँचा निर्धारण गरि लागु गर्नेछ ।

## परिच्छेद-६

## खेलकुद प्रतियोगिता व्यवस्थापन

१६. नगर खेलकुद विकास समिति आफैंले वा दर्ता भएका टिम, क्लब, संघ संस्थाहरु मार्फत विभिन्न खेलकुद प्रतियोगिता संचालन गर्न वा गराउन सक्नेछ ।

१७. समिति आफैंले वा नगरभित्रका टिम, क्लब, संघ संस्थाहरु मार्फत राष्ट्रिय र अन्तराष्ट्रिय टिमसँग मैत्रीपूर्ण खेलकुद प्रतियोगिताको आयोजना गर्ने वा गराउन सक्नेछ ।

१८. अन्तर नगरपालिका लगायत विभिन्न प्रादेशिक, राष्ट्रिय, अन्तराष्ट्रिय प्रतियोगिताहरुमा समितिमा आबद्ध टिम, क्लब, संघ संस्था वा विद्यालय/कलेजलाई सहभागी गराइनेछ ।

१९. नगरपालिकाले निर्णय गरे बमोजिम सहभागी हुन जाने टिमका खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई निम्नानुसार सुविधा प्रदान गरिनेछ ।

**१) प्रदेश भित्र भाग लिन जानेको हकमा :-**

क) प्रतियोगितामा भाग लिन जाँदा खान, बस्न र पारवहनका लागि हुने खर्च उपलब्ध गराइनेछ ।

ख) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन ५००।- दरले प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।

ग) खेलकुद पोशाकको हकमा प्रति खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई बढीमा वार्षिक रु.३०००।- सम्मको सुविधा दिन सक्नेछ ।

**२) प्रदेश बाहिर भाग लिन जानेको हकमा :-**

क) प्रतियोगितामा भाग लिन जाँदा खान, बस्न र पारवहनका लागि खर्च उपलब्ध गराइनेछ ।

ख) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन रु.७००।- दरले प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।

ग) खेलकुद पोशाकको हकमा प्रति खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई बढीमा वार्षिक रु.३०००।- सम्मको सुविधा दिन सक्नेछ ।

घ) प्रतियोगितामा जान आउन सम्भव भएसम्म स्थलमार्ग र सार्वजनिक यातायातको प्रयोग गर्नुपर्नेछ ।

२०. सल्लाहकार समितिको गठन :-

नगर खेलकुद विकास समितिले ३ सदस्यीय सल्लाहकार समितिको गठन गर्न सक्नेछ ।

## परिच्छेद-७
## खेलकुद गोष्ठी, सभा, कार्यक्रम व्यवस्थापन

२१. नगरपालिकाले राष्ट्रिय, अन्तराष्ट्रिय खेलाडी, प्रशिक्षक टिमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ ।

२२. खेलकुद विकासको लागि सभा, सम्मेलन, गोष्ठी गर्ने वा गराउन सक्नेछ ।

२३. राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तराष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकको सम्मानमा बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।

२४. बराहक्षेत्र नगरको कला, संस्कृति र खेलकुद विकासको लागि आवश्यकता अनुसार टिम, क्लब, संघ संस्थाका प्रतिनिधिहरुको र्‍याली वा बैठक बोलाउन सक्नेछ ।

## परिच्छेद-८
## तालिम तथा प्रशिक्षण व्यवस्थापन

२५. नगर खेलकुद विकास समितिले खेलकुद विकास र खेलाडीको स्तरवृद्धि गर्नका लागि आवश्यकता अनुसार विभिन्न खेलहरुको तालिम र प्रशिक्षण दिनेछ ।

२६. प्रशिक्षार्थीहरु प्रशिक्षणमा समावेश हुन नगर खेलकुद विकास समितिका प्रतिनिधि र वडाध्यक्षको सिफारिस सहित नगर खेलकुद समितिको निर्धारित फाराम बुझाई आवेदन दिनु पर्नेछ ।

२७. प्रशिक्षार्थीहरुले फाराम शुल्क रु.१०।-, मासिक शुल्क रु.१००।- बुझाई खेलाडी परिचय-पत्र लिनु पर्नेछ र भर्ना शुल्क रु.२००।- लाग्नेछ ।

२८. प्रशिक्षणमा सहभागी टिम, क्लब, संघ संस्था, विद्यालयहरु भएको हकमा ६ देखि १२ जना सम्मको प्रशिक्षार्थी संख्या हुनुपर्ने र फाराम शुल्क रु.१०।-, दर्ता शुल्क रु.५००।- लाग्नेछ ।

२९. कुनै खेल प्रशिक्षणको लागि सम्झौता अनुसार सुविधा पाउने गरी बढीमा एक जना प्रशिक्षक, एक जना सहायक प्रशिक्षक सेवा करारमा नियुक्ति गर्न सकिनेछ । यसरी नियुक्ति भएका प्रशिक्षक र सहायक प्रशिक्षकलाई नगर खेलकुद विकास समितिले तोके बमोजिम सेवा सुविधा उपलब्ध गराइनेछ ।

३०. कुनै पनि खेलको प्रशिक्षण अवधि एक पटकमा बढीमा १ बर्षको लागि हुनेछ । आवश्यकता अनुसार म्याद थपघट गर्दै जानेछ ।

३१. प्रशिक्षार्थी खेलाडीको लागि आवश्यक सामानको हकमा व्यक्तिगत प्रयोगको सामान आफैंले जुटाउनु पर्नेछ ।

३२. प्रशिक्षकले आवश्यक सामानको सूची तयार गरी नगरपालिकामा माग गर्ने, खेलाडीबाट मासिक शुल्क उठाउन, प्रशिक्षण सामग्रीको अभिलेख राखी हिफाजत गर्ने, प्रशिक्षार्थीहरुलाई

नियमित र अनुशासनमा राख्ने र प्याकेज प्रोग्राम (प्रशिक्षण) र प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने जिम्मा लिनु पर्नेछ ।

३३. प्रशिक्षकले हप्ताको ६ दिन हुने गरी कम्तिमा दिनको दुई घण्टा खेलाडीहरुलाई प्रशिक्षण कार्य गर्नु पर्नेछ ।

३४. स्थगित गरिएका प्रशिक्षण कार्यलाई पुनः संचालन गर्न आवश्यक व्यवस्था भएको सूचना मिलेमा समितिको निर्णय अनुसार खेल प्रशिक्षण कार्यलाई निरन्तरता दिनेछ ।

३५. कुनै खेल प्रशिक्षणमा विशेष व्यवस्था वा थप प्रशिक्षक वा सुविधा आवश्यक भएमा नगरपालिकालाई अनुरोध गरी स्वीकृति भए अनुसार गरिनेछ ।

## परिच्छेद-९

## नगर खेलकुद विकास कोषको व्यवस्था

३६. खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि बराहक्षेत्र नगरपालिकामा नगर खेलकुद विकास कोषको व्यवस्था गरिनेछ ।

३७. कोषका श्रोतहरु देहाय बमोजिम हुनेछ :-

- क) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद्, प्रदेश सरकार, जिल्ला खेलकुद विकास समिति मार्फत खेलकुद शिर्षकमा विनियोजन भएको बजेट,
- ख) नगरपालिका र नगर खेलकुद विकास समितिको हित, उद्देश्य, नीति र स्वार्थमा नकरात्मक असर नपर्ने गरी राष्ट्रिय, अन्तराष्ट्रिय संघ संस्था वा कुनै व्यक्तिबाट प्राप्त हुन सक्ने चन्दा, आर्थिक अनुदान वा दान,
- ख) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम,
- ग) खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शुल्क र भर्ना रकम,
- घ) नगरभित्रका टिम, क्लब, संघ संस्था दर्ता आवेदन शुल्क, नविकरण शुल्क, फाराम शुल्क,

३८. यस कोषको संचालन नगर खेलकुद विकास समितिको निर्णय अनुसार हुनेछ ।

३९. नगर खेलकुद विकास समितिको संयोजकले बढीमा रु.२५,०००।- सम्म कोषबाट खर्च गर्न सक्नेछ । र यसरी गरिएको खर्च समितिको बैठकबाट अनुमोदन गरी नियमानुसार फछ्र्यौट गर्नु पर्नेछ ।

## परिच्छेद-१०

## खेलकुद पूर्वाधार निर्माण तथा मर्मत

४०. कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरुको सामान्य जडान तथा मर्मत गर्न सम्बन्धित प्रशिक्षकले नै व्यवस्था गर्नु पर्नेछ ।

४१. विशेष तरिकाले मर्मत गर्न सम्बन्धित प्राविधिक कहाँ लानु पर्ने भएमा प्रशिक्षकको माग अनुसार नगर खेलकुद विकास समितिले कोषबाट मर्मत संभार गर्नेछ । तर रकम अपुग भई कोषबाट खर्च गर्न नसकिने भएमा समितिले नगरपालिकामा सिफारिस सहित मर्मत सम्भारका लागि पठाउनु पर्नेछ ।

४२. खेलकुद पूर्वाधार (स्टेडियम, खेलकुद भवन, मैदान, ट्र्याक आदि) को व्यवस्था गर्न समितिको निर्णयानुसार माग भई आएमा नगरपालिकाले यस्तो पूर्वाधारको निर्माण अधिकतम सहभागिताको आधारमा गर्नेछ ।

## परिच्छेद-११

## बिषयगत खेल प्रशिक्षण समितिको व्यवस्था

४३. नगर खेलकुद विकास समितिको मातहतमा रहने गरी खेल प्रशिक्षण, सैद्धान्तिक कक्षा संचालन र दक्ष अनुशासित खेलाडी तयार गर्ने कार्यमा सम्बन्धित खेल प्रशिक्षकहरुलाई आवश्यक निर्देशन, सल्लाह र सहयोग गर्न आवश्यकता अनुसार बिषयगत खेल प्रशिक्षण समिति गठन गरिनेछ । बिषयगत खेल प्रशिक्षण समिति सम्बन्धि अन्य व्यवस्थाहरु देहाय बमोजिम हुनेछन् :-

- क) नगर खेलकुद विकास समितिले समितिका सदस्यहरु मध्येबाट तोकेको संयोजकको संयोजकत्वमा सम्बन्धित खेल प्रशिक्षक सहित ३ देखि ५ सदस्य रहने गरी बिषयगत खेल प्रशिक्षण समिति गठन गरिनेछ ।
- ख) यस प्रशिक्षण समितिले बिषयगत खेल प्रशिक्षण, संचालन, रेखदेख, निरिक्षण, नियन्त्रण, व्यवस्थापन र प्रगति विवरण नगर खेलकुद विकास समितिलाई बुझाउनु पर्ने छ ।
- ग) यस प्रशिक्षण समितिले सम्बन्धित खेलकुदप्रति जनमानसको आकर्षण बढाउने कार्य गर्नेछ ।
- घ) प्रशिक्षणको लागि आवश्यक सामग्री जुटाउन मद्दत गर्नेछ ।
- ङ) प्रशिक्षण केन्द्रबाट संचालन हुने ग्रेडिङ, प्रतियोगिता, गोष्ठी र कक्षा संचालनमा सहयोग गर्नेछ ।
- च) प्रशिक्षण केन्द्रमा धार्मिक, साम्प्रदायिक एवं अन्य खराब दुर्व्यसन आदिबाट प्रशिक्षण कार्यको वातावरण धमिल्याउन नदिने तरिकाबाट प्रशिक्षण कार्य अघि बढाउने छ ।
- छ) नगर खेलकुद विकास समितिको नीति, नियम र निर्देशनलाई पालना गर्ने र गर्न लगाउने छ ।

ज)	प्रशिक्षार्थीलाई अन्य संस्थाबाट खेल्ने अनुमति र प्रशिक्षकलाई अन्य संस्थामा प्रशिक्षण कार्य वातावरण धमिल्याउन नदिने तरिकाबाट प्रशिक्षण कार्य अघि बढाउने छ ।

झ)	यस समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

ञ)	नगर खेलकुद विकास समितिको निर्देशानुसार सम्बन्धित खेलको लागि वार्षिक कार्य तालिका बनाउनु पर्नेछ ।

ट)	अनुशासनको कारवाही गर्ने क्रममा गल्ती हेरि स्पष्टीकरण, चेतावनी वा निलम्बन गर्न सक्नेछ । तोकेको अवधिमा पनि आचरण सुधार नभएमा निस्काशन गर्न सक्नेछ ।

ठ)	अनुशासनको कारवाही गर्ने क्रममा सम्बन्धित व्यक्तिलाई सफाई पेश गर्ने मौका दिइनेछ । तर प्रशिक्षण समितिको प्रतिवेदनमाथि नगर खेलकुद विकास समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

ड)	नगर खेलकुद विकास समितिको निर्णयानुसार आवश्यक थपघट वा संशोधन सुधार गर्न सकिनेछ ।

## परिच्छेद-१२

## अनुशासनको कारवाही, दण्ड, सजाय र पुरस्कार

४४. अनुशासनको कारवाही : खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतले बिषयगत खेलको आचारसंहिता लगायत खेल अनुशासनमा रहनु पर्नेछ । कसैले अनुशासन र आचारसंहिताको उलंघन गरेमा बिषयगत खेल प्रशिक्षण समितिले पहिलो पटकलाई चेतावनी दिन सक्नेछ । तर एक वर्षमा तीन पटक भन्दा बढी चेतावनी पाइसकेका खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई एक वर्षसम्म कुनै पनि खेलकुद प्रतियोगिता/प्रशिक्षण/व्यवस्थापनमा सहभागी हुन नपाउने गरी बिषयगत खेल प्रशिक्षण समितिको सिफारिसमा नगर खेलकुद विकास समितिले निलम्बन गर्न सक्नेछ ।

४५. वर्षभरिका उत्कृष्ट खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई नगर खेलकुद विकास समितिको सिफारिसमा नगरपालिकाबाट नगद पुरस्कार तथा सम्मान गरिनेछ ।